शिवालय गाउँपालिका
Shivalaya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot

पत्र संख्या Reference No. : ०८३/०८४
चलानी नम्बर Dispatch No. : १३०
योजना तथा अनुगमन शाखा
कर्णाली प्रदेश, नेपाल
karnali province, nepal

मितिः २०८३/०५/०९

श्री वडा कार्यालय सबै,
शिवालय गाउँपालिका, सिमा, जाजरकोट।

**विषयः उपभोक्ता समिति गठन सम्बन्धमा।**

प्रस्तुत विषयमा आ.ब. २०८३/०८४ मा यस कार्यालयबाट कार्यान्वयन हुने तपसिलका योजनाहरु उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्यान्वयन हुने भएकाले देहायको शर्तको अधिनमा रहि उपभोक्ता समिति गठन गरी वा टोल विकास संस्थाको भेला गरी मिति २०८३ भाद्र मसान्तसम्म योजना कार्यान्वयनको लागि सम्झौता गर्न पठाउन हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**उपभोक्ता समिति गठन गर्दा पालना गर्नुपर्ने शर्तहरुः**

१. उपभोक्ता समिति गठन हुने वा टोल विकास संस्थाको भेला हुने स्थान, मिति र समय तोकि आम भेलाको लागि कम्तिमा ७ दिने सूचना प्रकाशन गर्ने।
२. सम्वन्धित योजनाका प्रत्यक्ष लाभग्राही उपभोक्ताहरूको आमभेला सम्बन्धित वडाका वडा अध्यक्षको अध्यक्षतामा बैठक बसी पारदर्शी, सहभागितामूलक तथा सर्वसम्मत प्रक्रियाबाट उपभोक्ता समिति गठन गर्ने वा टोल विकास संस्था मार्फत योजना कार्यान्वयन गर्ने सम्बन्धमा निर्णय गर्ने।
३. उपभोक्ता समितिमा सम्बन्धित आयोजना/कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित हुने वास्तविक उपभोक्ताहरू मात्र पदाधिकारी रहने गरी उपभोक्ता समिति गठन गर्ने र समितिमा गैरलाभग्राही व्यक्तिलाई समावेश नगर्ने।
४. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरू नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका, राष्ट्रिय परिचयपत्र प्राप्त गरेका तथा सम्बन्धित वडाका स्थायी बासिन्दा हुनुपर्ने।
५. यसअघि उपभोक्ता समितिको पदाधिकारी वा सदस्य भई कुनै योजना कार्यान्वयन गरेको र निजको जिम्मेवारीमा रहेको योजनामा कुनै पनि प्रकारको बेरुजु कायम रहेको भए त्यस्तो व्यक्तिलाई उपभोक्ता समितिको पदाधिकारी वा सदस्यमा नराख्ने।
६. राजनीतिक दलका स्थानीय पदाधिकारी, बहालवाला जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निर्माण व्यवसायी तथा निजका परिवारका सदस्यलाई उपभोक्ता समितिको पदाधिकारी वा सदस्यमा नराख्ने।
७. सम्भव भएसम्म सम्बन्धित वडाको बेरोजगार सुचिमा सूचिकृत रहेको व्यक्तिहरुलाई उपभोक्ता समितिको पदाधिकारी तथा कामदारको रुपमा चयन गर्ने व्यवस्था गर्ने।



CamScanner

८. एउटै व्यक्ति एकै समयमा एकभन्दा बढी उपभोक्ता समितिमा पदाधिकारी वा सदस्य नरहने व्यवस्था मिलाउने।

९. सम्भव भएसम्म एउटा योजनाको उपभोक्ता समितिमा बसी कार्य गरेको व्यक्तिलाई अर्को योजनामा समावेश नगरी अर्को व्यक्तिलाई राख्ने व्यवस्था मिलाउने।

१०. उपभोक्ता समिति गठन गर्दा आयोजना/कार्यक्रमबाट लाभान्वित **महिला, दलित, जनजाति तथा अन्य लक्षित/वञ्चित समुदायको यथासम्भव अर्थपूर्ण प्रतिनिधित्व** सुनिश्चित गर्ने। समितिमा कम्तिमा मुख्य ३ पद मध्ये एक जना महिला सहित एक तिहाई महिलाको प्रतिनिधित्व हुनुपर्ने।

११. आमभेलाको **मिति, स्थान, वडा अध्यक्षको अध्यक्षता, उपस्थित उपभोक्ताहरूको विवरण, छलफल, समिति गठन तथा अन्य निर्णयहरू स्पष्ट** रूपमा माइन्युटमा उल्लेख गरी उपस्थित उपभोक्ताहरूको दस्तखत गराउने।

१२. उपभोक्ता समिति गठनसँगै उपभोक्ताहरूबाट **३ सदस्यीय अनुगमन समिति** समेत गठन गर्ने र अनुगमन समितिमा उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरूलाई नराख्ने।

१३. उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यले सम्वन्धित योजनामा **स्वार्थ बाझिने अवस्था** सिर्जना हुने गरी प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न नगराउने।

१४. **योजनाको अन्तिम भुक्तानी गर्दा कामदारको पारिश्रमिक/ज्याला निजको बैंक खातामार्फत भुक्तानी हुने भएकोले कामदारहरुले बैंक खाताको विवरण अनिवार्य पेश गर्नुपर्नेछ। पारिश्रमिक बाहेक अन्य भुक्तानी उपभोक्ता समितिको खातामा हुनेछ।**

१५. वडाबाट योजना सम्वन्धि सिफारिस दिँदा उपभोक्ता समितिमा रहका पदाधिकारीहरुको नामथर, उ.स.मा निजको पद र ना.प्र.नं. खुल्ने गरी सिफारिस पत्र प्रदान गर्ने। (सिफारिसको ढाँचा यसैसाथ संग्लन गरिएको छ।)

१६. उपभोक्ता समितिलाई योजना सम्झौता गर्न पठाउँदा वडाबाट गरिएको **उपभोक्ता समिति गठन सम्वन्धि ७ दिने सूचना** र **उपभोक्ता समिति गठन गर्दा बखतको फोटो** (कम्तिमा २ वटा) अनिवार्य संलग्न गरी पठाउने।

**थप जानकारीको लागि:**

१. रोजगार सिप तथा उद्यमशिलता केन्द्र, श्री दिपेन्द्र कुमार राना- ९७६६२३९९७५
२. योजना तथा अनुगमन शाखा, श्री बजरंग कुमार साह- ९७४३७८५५६६
३. सम्वन्धित वडा कार्यालय।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

<u>तपसिल</u>

## उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने योजनाहरु

**आर्थिक वर्ष: २०८३/०८४**

| क.सं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | खर्च शीर्षक | स्रोत | जम्मा | कार्यान्वयन विधि |
|---|---|---|---|---|---|
| **वडा नं. १** | | | | | |
| १ | पुरान्टीप पोखरी निर्माण योजना शिवालय-१ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| २ | सरस्वति आ.वि. सान्कोडा खानेपानी मर्मत योजना शिवालय-१ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ३ | बडाका खानेपानी मर्मत योजना शिवालय-१ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ४ | साउने पानि नाउलो सुधार योजना शिवालय-१ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ५ | दोभान बालबालिका केन्द्र भवन मर्मत योजना शिवालय-१ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ६ | ढोडाचौर पोखरी घेरावार निर्माण योजना शिवालय-१ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ७ | चोखालय मन्दिर निर्माण योजना शिवालय १ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ८ | ने.रा.मा.वि. सिस्ने विद्यालय मर्मत योजना शिवालय-१ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ९००,०००.०० | उ.स. |
| ९ | ने.रा.मा.वि. स्यापी विद्यालयको ग्रिल झ्याल ढोका मर्मत तथा रंगरोगन योजना शिवालय-१ | ३११६१ | नेपाल सरकार - समानिकरण अनुदान | ४००,०००.०० | उ.स. |
| **वडा नं. २** | | | | | |
| १ | स्याला हुदै ठुला सालसम्म गोरेटो बाटो निर्माण योजना शिवालय-२ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| २ | छराखोला देखि ढाड खित सिँचाई निर्माण योजना शिवालय-२ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ३ | सिलाजु कैना नेपाखोला वारिपारि सिँचाई निर्माण योजना शिवालय २ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ३००,०००.०० | उ.स. |
| ४ | तिप्काने खोला हुदै सानधारी अधिकारी सिँचाई पोखरी निर्माण शिवालय-२ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ५ | पुल्यतडा डडखेत सिँचाई निर्माण योजना शिवालय २ जाजरकोट | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | ११५,०००.०० | उ.स. |
| ६ | थापेगडा टोल पोखरी निर्माण योजना शिवालय-२ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ७ | पुल्यतडा डडखेत सिँचाई निर्माण योजना शिवालय २ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २८५,०००.०० | उ.स. |
| ८ | रानापानीदेखि दलितटोल बाहुनटोलसम्म खानेपानी मर्मत योजना शिवालय-२ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ९ | मानडुङ्ग्रा खानेपानी मर्मत योजना शिवालय-२ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १० | डाडागाउँ ढीगाउँ खोलादेखि दमाईटोल खानेपानी निर्माण योजना शिवालय-२ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ११ | पानदुरे हुदै बलडेरा माझगाँउ खानेपानी निर्माण योजना शिवालय-२ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १२ | बटुक भैरव मन्दिर/आश्रम परिसर घेरावार निर्माण योजना शिवालय २ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ९००,०००.०० | उ.स. |
| १३ | लयकोडा मस्टो मन्दिर निर्माण योजना शिवालय २ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २५०,०००.०० | उ.स. |
| १४ | क्षेत्रपाल नाङ्डुङ्गा मन्दिर मर्मत तथा घेरावार निर्माण योजना शिवालय २ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १५ | कालिका मन्दिर निर्माण योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| १६ | डुङ्ग्रा आरन सुधार योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १७ | फुत्फुते खोप केन्द्र भवन निर्माण योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| १८ | हिमालय आ.वि. रंगरोगन योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| १९ | मस्टामन्दिर मर्मत तथा रंगरोगन योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| २० | कोशेटाकुरा माई मन्दिरका लागि घेराबार निर्माण योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| २१ | सामुदायिक कृषि भवन निर्माण योजना शिवालय २ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| २२ | विन्ध्यवासिनि मन्दिर घेराबार निर्माण योजना शिवालय-२ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| **वडा नं. ३** | | | | | |
| १ | निमेली माझगाउँ खानेपानी मुहान संरक्षण तथा औंरिझार भेंट्टचौर खानेपानी निर्माण तथा भेट्टचौर खोला तटबन्ध निर्माण योजना शिवालय ३ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २५०,०००.०० | उ.स. |
| २ | आर्सिना मस्टा मन्दिर घेराबार तथा ढोका निर्माण योजना शिवालय ३ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ३००,०००.०० | उ.स. |
| ३ | टोंटेखोला भिरबाटी पाइप जडान तथा चौर पोखरीको घेराबार निर्माण योजना शिवालय ३ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ४ | मायल्लो ठाटी चम्माला देवि बजेई मन्दिर निर्माण योजना शिवालय ३ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ९५०,०००.०० | उ.स. |
| ५ | सिमा धामि टोल मष्टा मंकाल मन्दिर मर्मत योजना शिवालय ३ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ६ | भगवति देवि मन्दिर निर्माण योजना शिवालय ३ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| **वडा नं. ४** | | | | | |
| १ | पाखेकटेरी सिँचाई पोखरी निर्माण योजना शिवालय ४ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | ६००,०००.०० | उ.स. |

शिवालय गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिमा जाजरकोट, कर्णाली प्रदेश, नेपाल, २०७३

...ख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | धर्ति गाउँ सिँचाई पोखरी मर्मत योजना शिवालय ४ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ३ | तल्लो तिमिलेपाखा सिँचाई कुलो निर्माण योजना शिवालय ४ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ४ | रावत टोल सिँचाई मर्मत योजना शिवालय ४ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ५ | डाडखोला देखि पदीधारे सिँचाई कुलो निर्माण योजना शिवालय ४ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ६ | पोरखरीया टोल खानेपानी निर्माण योजना शिवालय ४ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ७ | ताङ्लादेउ खानेपानी निर्माण योजना शिवालय ४ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ८ | चोरकुम्द धारीघर खा.पा.निर्माण योजना शिवालय ४ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ९ | कदारा टोल खा.पा. मर्मत योजना शिवालय ४ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| १० | डाँडामाथि टोल खा.पा. निर्माण योजना शिवालय ४ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| **वडा नं. ५** | | | | | |
| १ | खोल्रि सिँचाईकुलो मर्मत योजना शिवालय ५ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| २ | वडाखोला मुखियाटोल चाप्टा टोल खानेपानी शिवालय ५ जाजरकोट | ३११५४ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ३ | पितरपुन्न दलितटोल सिँचाई मर्मत योजना शिवालय ५ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ४ | पुरानापानी कुलबाघ खा.पा.मर्मत योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | २५०,०००.०० | उ.स. |
| ५ | पोखेचौर खा.पा. मुहान संरक्षण योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ६ | मिजारटोल खा.पा. मुहान संरक्षण योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ७ | डाडाटोल विरालसिम खा.पा.मर्मत योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ८ | कुसेनी कोठीगैरा खा.पा. मुहान संरक्षण योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ९ | गैरीगाउँ वाहुनधारा मुहान संरक्षण योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १० | आर वि.टी. देखि चाप्टो टोलसम्म खा.पा. मर्मत योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ११ | मेलसिना दलितटोल खा.पा. मर्मत योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १२ | काउला सल्लेरी खा.पा. मर्मत योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| १३ | वडाखोला खा.पा. मुहान संरक्षण योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १४ | महतारा धारा मुहान संरक्षण योजना शिवालय ५ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १५ | दलितटोल शिव मन्दिर घेराबार निर्माण योजना शिवालय ५ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १६ | रुमाल देउ मन्दिर निर्माण योजना शिवालय ५ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| १७ | यालारैकर स्वास्थ्यचौकी खानेपानी मर्मत तया प्रतिक्षालय निर्माण योजना शिवालय ५ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| १८ | माई मन्दिर मर्मत योजना शिवालय ५ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १९ | कृषक समूह घर मर्मत योजना शिवालय ५ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| २० | काउला समूह भवन मर्मत योजना शिवालय ५ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| **वडा नं. ६** | | | | | |
| १ | उनतडा सिँचाई मर्मत/निर्माण योजना शिवालय ६ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| २ | ६ नं. वडा खानेपानी मर्मत योजना शिवालय ६ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | २५०,०००.०० | उ.स. |
| ३ | पानिमुला खानेपानी निर्माण योजना शिवालय ६ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ४ | देउली खानेपानी निर्माण योजना शिवालय ६ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १,१००,०००.०० | उ.स. |
| ५ | शिवविष्णु मन्दिर रंगरोगन तया मर्मत योजना शिवालय ६ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ६ | रिसिना कुल मन्दिर निर्माण योजना शिवालय ६ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ७ | मालिका आ.वि. सुगुरखाल भवन मर्मत योजना शिवालय ६ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ८ | रुमालाबजे मन्दिर निर्माण योजना शिवालय ६ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ४००,०००.०० | उ.स. |
| ९ | मस्टो मंकाल मन्दिर निर्माण योजना शिवालय ६ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ३५०,०००.०० | उ.स. |
| १० | रुमाला देवि कौडा गाउँ मन्दिर निर्माण योजना शिवलाय ६ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ११ | रोकायजौत खोप केन्द्र निर्माण योजना शिवालय ६ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| १२ | ठाकुरजौत माई मन्दिर निर्माण योजना शिवालय ६ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ३००,०००.०० | उ.स. |
| **वडा नं. ७** | | | | | |
| १ | सातछहरी झ्याली भिड गोरेटो बाटो निर्माण योजना शिवालय ७ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ६०,०००.०० | उ.स. |
| २ | वडा कार्यालय गिठे टाकुरा गोरेटो बाटो निर्माण योजना शिवालय ७ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ३ | बडाखोला नर्ने गोरेटो बाटो निर्माण योजना शिवालय ७ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ४ | वडाखेत पातीहाल्न गोरेटो बाटो निर्माण योजना शिवालय ७ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| ५ | कल्याना थानवाडा गोरेटोबाटो निर्माण योजना शिवालय ७ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | २५०,०००.०० | उ.स. |

प्रमुख प्रशासकीय अधिक

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | डमरट बुदरखोला तटबन्धन निर्माण योजना शिवालय ७ | ३११५४ | नेपाल सरकार - समानिकरण अनुदान | १३०,०००.०० | उ.स. |
| ७ | कुनाखेत जार्ज सिँचाइ मर्मत योजना शिवालय ७ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - समानिकरण अनुदान | २००,०००.०० | उ.स. |
| ८ | चिप्ल्या दुबाडी खा.पा. निर्माण योजना शिवालय ७ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ९ | खानिमेला नर्ने खा.पा.मर्मत योजना शिवालय ७ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ६०,०००.०० | उ.स. |
| १० | सुवाखोला स्यारिकोट खा.पा. मर्मत योजना शिवालय ७ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ६०,०००.०० | उ.स. |
| ११ | मान्टुरा खा.पा. मुहान मर्मत योजना शिवालय ७ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १२ | भंक बडा कार्यालय खा.पा. मर्मत योजना शिवालय ७ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १३ | सिमेना मान्टुरा खा.पा. मर्मत योजना शिवालय ७ | ३११५६ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १४ | वडा कार्यालय फोहोरमैला व्यवस्थापन/खाइल निर्माण योजना शिवालय ७ | ३११५८ | नेपाल सरकार - समानिकरण अनुदान | ३०,०००.०० | उ.स. |
| १५ | बटुक भैरव मन्दिर फिल्ड तथा घेराबार निर्माण योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | उ.स. |
| १६ | शान्ती प्रा.वि. झ्यालढोका निर्माण योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ४०,०००.०० | उ.स. |
| १७ | बिजुलीडाँडा मस्टा मन्दिर निर्माण योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| १८ | आरन घर निर्माण योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| १९ | सिमखेत मन्दिर मर्मत योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| २० | मष्टा देउता मन्दिर मर्मत योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५०,०००.०० | उ.स. |
| २१ | सोडारी माष्टा मन्दिर निर्माण योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| २२ | पशुपति मन्दिर मर्मत योजना शिवालय ७ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ७०,०००.०० | उ.स. |
| **वडा नं. ८** | | | | | |
| १ | लिस्पानी कौवा मष्टो मन्दिर निर्माण योजना शिवालय ८ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ५००,०००.०० | उ.स. |
| २ | विद्या सरस्वती प्रायमिक विद्यालय फिल्ड निर्माण शिवालय ८ जाजरकोट | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| **वडा नं. ९** | | | | | |
| १ | उल्जेदेखि चन्द्रदिपक मा.वि. गोरेटो बाटो निर्माण योजना शिवालय ९ | ३११५१ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| २ | हटार्निगैरा पोखरी निर्माण योजना शिवालय ९ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ३ | तल्लाइल्चा पोखरी निर्माण योजना शिवालय ९ | ३११५५ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ४ | वलुवा प्रतिक्षालय मर्मत योजना शिवालय ९ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १००,०००.०० | उ.स. |
| ५ | सुर्यदय प्रा.वि., तुसारे शौचालय निर्माण योजना शिवालय ९ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| ६ | औलाचौर पार्क निर्माण योजना शिवालय ९ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | ४००,०००.०० | उ.स. |
| ७ | बालुवा गोरादेउ मन्दिर निर्माण योजना शिवालय ९ | ३११५९ | नेपाल सरकार - समानिकरण अनुदान | १५०,०००.०० | उ.स. |
| **पालिका स्तरीय** | | | | | |
| १ | कुसेनी नाउलाखोला हँदुँवडाखोला सडक तटवन्धन निर्माण शिवालय ५ जाजरकोट | ३११५४ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| २ | तल्लो वडाखेत तटवन्धन शिवालय ५ जाजरकोट | ३११५४ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ३ | बाखे खोला खेत तटवन्धन निर्माण शिवालय १ जाजरकोट | ३११५४ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ४ | तुहुरे भोटे बस्नेगैरा आग्लाचौर सिचाई योजना शिवालय ९ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ५ | सिमतडा देखी खन्नेतडा सिचाइ निर्माण शिवालय २ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ६ | काँडाचौर देखी सोपालसैना सम्म सिचाई नहर र पोखरी निर्माण शिवालय ४ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ७ | लुताहा टाउके बालुवा खेत सिचाई तथा तटवन्धन योजना शिवालय ७ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | २,०००,०००.०० | उ.स. |
| ८ | सिचाई पोखरी आयोजना शिवालय ८ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ९ | बहाई सिचाई पोखरी निर्माण शिवालय १ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| १० | भेदिकी घट्ट देखी लुताह सम्म सिचाई नहर निर्माण शिवालय ७ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| ११ | बडाकाँडा सिचाई पोखरी निर्माण शिवालय ९ जाजरकोट | ३११५५ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,०००,०००.०० | उ.स. |
| १२ | भिरमौरी चारसल्ली खानेपानी आयोजना शिवालय ६ जाजरकोट | ३११५६ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| १३ | सिमेना पोखरा खानेपानी निर्माण शिवालय ८ जाजरकोट | ३११५६ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,०००,०००.०० | उ.स. |
| १४ | स्यौलागाउँ भिउस शिव मन्दिर पूर्वाधार निर्माण शिवालय ७ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| १५ | नेपाल राष्ट्रिय आ वि लिस्पानी घेरावार निर्माण शिवालय ८ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,०००,०००.०० | उ.स. |
| १६ | वडा कार्यालय घेरावार तथा फिल्ड निर्माण शिवालय ६ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,०००,०००.०० | उ.स. |
| १७ | चन्द्र सूर्य आ वि विद्यालय फिल्ड तथा घेरावार शिवालय २ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,०००,०००.०० | उ.स. |
| १८ | श्री ताडगा चुला पदमार्ग निर्माण शिवालय ३ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,५००,०००.०० | उ.स. |
| १९ | नेरा मावि फिल्ड निर्माण शिवालय १ जाजरकोट | ३११५९ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १,०००,०००.०० | उ.स. |

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमा जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## वडाले गर्ने सिफारिसको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
शिवालय गा.पा. सिमा, जाजरकोट।

**विषयः योजना सम्झौता तथा बैंक खाता संचालनको लागि सिफारिस गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा आर्थिक बर्ष २०८३/०८४ मा यस शिवालय गाउँपालिका वडा नं. ........ मा कार्यान्वयन हुने श्री ............................ योजनाको निर्माण कार्य गर्न आवश्यक प्रक्रिया पुऱ्याई गठन भएको तपसिलका पदाधिकारीहरु रहेका उपभोक्ता समितिलाई तँहा कार्यालयमा दर्ता गरी योजना सम्झौता गर्न तथा यस समितिको आर्थिक कारोवार गर्नको लागि उपभोक्ता समितिको नाममा बैंक खाता संचालनार्थ श्री हिमालयन बैंक लिमिटेड, शाखा कार्यालय, शिवालय-३, जाजरकोटलाई सिफारिस गरिदिन हुन सिफारिससाथ अनुरोध छ।

<u>तपसिलः</u>

| क्र.सं. | नामथर | पद | ना.प्र.नं. | ना.प्र.नं. जारी मिति |
|---|---|---|---|---|
| १ | | उ.स. अध्यक्ष | | |
| २ | | उ.स. सचिव | | |
| ३ | | उ.स. कोषाध्यक्ष | | |
| ४ | | उ.स. सदस्य | | |
| ५ | | उ.स. सदस्य | | |
| ६ | | उ.स. सदस्य | | |
| ७ | | उ.स. सदस्य | | |

.......................

वडा अध्यक्ष

CamScanner

# उपभोक्ता समिति गठन सम्बन्धी आमभेला माइन्युटको ढाँचा

आज मिति २०८३/—/— गते का दिन यस शिवालय गाउँपालिका वडा नं. ...... अन्तर्गत .................................. टोल मा यस वडाका वडा अध्यक्ष/वडा सदस्य श्री ........................................ को अध्यक्षतामा तपसिलका लाभग्राही/उपभोक्ताहरुको उपस्थितिमा आमभेला बसी देहायका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु सर्वसम्मतिले गरियो।

उपस्थितिः

१. श्री ........................................................... वडा अध्यक्ष/~~वडा सदस्य~~
२. श्री ...........................................................
३. श्री ...........................................................
४. श्री ...........................................................
५. श्री ...........................................................
६. श्री ...........................................................
७. श्री ...........................................................
८. श्री ...........................................................
९. श्री ...........................................................
१०. श्री .........................................................
११. श्री .........................................................
१२. श्री .........................................................
१३. श्री .........................................................
१४. श्री .........................................................
१५. श्री .........................................................
१६. श्री .........................................................
१७. श्री .........................................................
१८. श्री .........................................................
१९. श्री .........................................................
२०. श्री .........................................................
२१. श्री .........................................................
२२. श्री .........................................................

जम्मा उपस्थिति संख्या..........जना  महिला ........... जना  पुरुष ............... जना

नोटः आमभेलामा उपस्थित सम्पूर्ण लाभग्राही/उपभोक्ताहरुको नाम, थर, ठेगाना र हस्ताक्षरसहितको उपस्थिति विवरण अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

CamScanner

प्रस्तावहरु:

१. योजना तथा कार्यक्रम सम्बन्धमा।
२. उपभोक्ता समिति गठन सम्बन्धमा।
३. योजना सम्झौता सम्बन्धमा।
४. बैंक खाता सञ्चालन सम्बन्धमा।
५. अनुगमन समिति गठन सम्बन्धमा।
६. विविध सम्बन्धमा।

निर्णयहरु

निर्णय नं. १

यस शिवालय गाउँपालिका वडा नं. ...... मा आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने श्री ...................................................................... योजना को कार्यान्वयन सम्बन्धमा आमभेलामा विस्तृत छलफल गरियो। उक्त योजना स्वीकृत लागत अनुमान, सम्झौता तथा प्रचलित कानून, नियम, कार्यविधि र गाउँपालिकाबाट प्राप्त निर्देशनबमोजिम पारदर्शी, मितव्ययी, गुणस्तरीय तथा प्रभावकारी रूपमा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. २

यस शिवालय गाउँपालिका वडा नं. ...... मा आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने श्री ...................................................................... योजना को कार्य गर्नका लागि देहायका पदाधिकारीहरु रहने गरी उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:

क) श्री ...................................................................... उपभोक्ता समिति अध्यक्ष
ख) श्री ...................................................................... उपभोक्ता समिति सचिव
ग) श्री ...................................................................... उपभोक्ता समिति कोषाध्यक्ष
घ) श्री ...................................................................... सदस्य
ङ) श्री ...................................................................... सदस्य
च) श्री ...................................................................... सदस्य
छ) श्री ...................................................................... सदस्य

नोट:

उपभोक्ता समिति गठन गर्दा ७ सदस्यीय समितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कम्तीमा १ जना महिला तथा अन्य सदस्यहरुमध्ये कम्तीमा २ जना महिला गरी जम्मा कम्तीमा ३ जना महिला रहने गरी समिति गठन गर्नुपर्नेछ।

CamScanner

**निर्णय नं. ३**

यस शिवालय गाउँपालिका वडा नं. ...... मा आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने श्री ................................................... योजनाको कार्यान्वयनका लागि शिवालय गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिमा, जाजरकोटमा उपस्थित भई गाउँपालिकासँग योजना सम्झौता गर्ने अधिकार उपभोक्ता समितिका अध्यक्ष/सचिवलाई श्री ...................... दिने निर्णय गरियो।

योजना सम्झौता गर्दा गाउँपालिकाले माग गरेका आवश्यक कागजातहरु पेश गर्ने तथा सम्झौतामा उल्लेख भएका शर्तहरुको पूर्ण पालना गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस शिवालय गाउँपालिका वडा नं. ...... मा आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने श्री ............................................. योजनाको आर्थिक कारोबार सञ्चालन गर्नका लागि शिवालय गाउँपालिका, सिमा, जाजरकोटको सिफारिसमा हिमालयन बैंक लिमिटेड, .............................. शाखा मा उपभोक्ता समितिको नाममा बैंक खाता खोल्ने निर्णय गरियो। उक्त बैंक खाता उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

यस शिवालय गाउँपालिका वडा नं. ...... मा आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन हुने श्री ...................................................... योजनाको कार्य प्रभावकारी, पारदर्शी तथा गुणस्तरीय रूपमा कार्यान्वयन भए/नभएको अनुगमन गर्न आमभेलामा उपस्थित लाभग्राहीहरुमध्येबाट देहायका व्यक्तिहरु रहने गरी ३ सदस्यीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

क) श्री ................................................................ संयोजक

ख) श्री ................................................................ सदस्य

ग) श्री ................................................................ सदस्य–सचिव

नोटः

- अनुगमन समिति आमभेलामा उपस्थित लाभग्राही/उपभोक्ताहरुमध्येबाट चयन गरी गठन गर्नुपर्नेछ।
- अनुगमन समितिमा कम्तीमा १ जना महिला अनिवार्य रूपमा रहनेछ।
- अनुगमन समितिका पदाधिकारीहरु र उपभोक्ता समितिका पदाधिकारी फरक फरक व्यक्ति हुनुपर्नेछ।
- अनुगमन समितिले योजनाको कार्यप्रगति, गुणस्तर, पारदर्शिता तथा सम्झौता बमोजिम कार्य भए/नभएको अनुगमन गरी आवश्यक सुझाव तथा पृष्ठपोषण दिनुपर्नेछ।

CamScanner